मिति :२०७५।०५।०३

प्रेस विज्ञप्ति

भन्सार विभागले गत आ.व. २०७४।७५ मा गरेका कार्यहरुको समीक्षा र चालु आ.व. २०७५।७६ मा गरिने कार्यहरुको योजना सहित दुईदिने भन्सार व्यवस्थापन गोष्ठी आज ललितपुरमा सुरु भएको छ । सो गोष्ठीको उद्घाटन गर्नुहुँदै अर्थमन्त्री युवराज खतिवडाले आयात र निर्यातमा बढिरहेको असमानता प्रति चिन्ता व्यक्त गर्नु हुँदै यसलाई कम गर्न भन्सार प्रशासनको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । सरकार आर्थिक समृद्धि र विकास निर्माणमा अग्रसर भएकोले सबै कर्मचारीलाई सोही दिशातर्फ लाग्न निर्देशन दिनुभयो । साथै, आगामी आ.व.को राजस्व लक्ष्य पूरा गर्नको लागि भन्सार प्रशासन क्रियाशील भै लाग्न समेत उहाँले निर्देशन दिनुभयो ।

सो अवसरमा बोल्नु हुँदै अर्थ सचिव श्री राजन खनालले अवको भन्सार प्रशासन राजस्व लक्ष्य पूरा गर्न लाग्नुको साथसाथै भन्सार मूल्यांकन, वर्गीकरण जस्ता विषयमा पनि ध्यान दिई कार्य गर्न निर्देशन दिनु भयो ।

सोही अवसरमा राजस्व सचिव शिशिर कुमार ढुंगानाले अवको भन्सार प्रशासन प्रविधिमैत्री हुनुको साथै स्वदेशी उद्योगको संरक्षणको लागि स्वस्थ्य र गुणस्तरीय वस्तु आयातमा केन्द्रित हुन समेत निर्देशन दिनुभयो ।

सो अवसरमा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै भन्सार विभागका महानिर्देशक तोयम रायाले भन्सार विभागले गत आ.व. मा गरेका कार्यहरु र आगामी कार्यदिशाका बारेमा प्रकाश पार्नु भएको थियो ।

निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका पदाधिकारीहरुले निजी क्षेत्रका समस्याहरुको बारेमा चर्चा गर्दै भन्सार प्रशासनले निजी क्षेत्रलाई राजस्व परिचालनमा सहयोगीको रुपमा लिई भन्सार प्रक्रियामा देखिएका समस्याहरुमा सहजीकरण गरिदिनु अनुरोध गर्नु भएको थियो ।

उक्त गोष्ठीमा भन्सार विभाग र सो अन्तर्गतका सबै मूल भन्सार कार्यालयका प्रमुखहरुको समेत सहभागिता रहेको छ ।

Scanned by CamScanner